# लवग्रीन नेपाल र यति वेब सप्ट प्रा.लि बीच वेबसाईट निर्माण सम्बन्धी गरिएको
# दुई पक्षीय समझदारी-पत्र

लवग्रीन नेपाल (यसभन्दा पछि प्रथम पक्ष संवोधन गरिएको) ले संस्थाको पृष्ठभूमि तथा संचालित परियोजनाहरुको विवरण सहित वेबसाईट निर्माण गर्ने सम्बन्धमा बनेपा ९, नयाँबस्ती स्थित यति वेब सप्ट प्रा. लि. (यसभन्दा पछि दोस्रो पक्ष संवोधन गरियको) बीच निम्नानुसारको शर्तहरु पालना गर्ने गराउने सहमतिमा दुई पक्षीय सम्झौता गरिएको छ ।

**(क) प्रथम पक्षको जिम्मेवारी:**

१. वेबसाईट निर्माणको लागि आवश्यक जानकारी तथा दस्तावेजहरु समयमै उपलब्ध गराउने ।

२. आवश्यकता अनुसार समय समयमा वेबसाईटमा राखिएको विषयवस्तुहरु हेरफेर गर्न सल्लाह सुझाव दिने ।

३. समय समयमा परियोजनासित सम्बन्धीत तथा अन्य विशेष कार्यक्रमहरुको जानकारी तथा सामग्रीहरु उपलब्ध गराउने ।

४. वेबसाईट निर्माण बापत दोस्रो पक्षलाई रु ३६,००० (छत्तिस् हजार मात्र) भुक्तानी गर्ने । रकम भुक्तानी गर्दा नेपाल सरकारको नियमानुसार लाग्ने कर अग्रिम रुपमा कट्टी गरि बाँकी रकम भुक्तानी गरिनेछ साथै अडिट प्रयोजनको लागि आवस्यक कर कट्टीको टिडिएस् बिवरण दोस्रो पक्षलाइ उपलब्ध गराउनेछ ।

५. वेबहोस्टिङ सेवा सुचारु राख्न नचाहेमा दोस्रो पक्षलाई १५ दिनको अग्रिम सुचना दियर कुनै पनि समयमा वेबहोस्टिङ सेवा बन्द गराउन सक्ने ।

**(ख) दोस्रो पक्षको जिम्मेवारी:**

१. उपलब्ध गराइयका दस्ताबेज अनुसार संस्थाको आवश्यकता अनुसारको वेबसाईट यो सम्झौता लागु भएको मितिले ३ हप्ता भित्र तयार गर्ने ।

२. वेबसाईट तयार गर्न संस्थालाई आवश्यक सरसल्लाह, सुझाव र पृष्ठपोषण उपलब्ध गराउने ।

३. बेवसाइट र्निमाण सम्पन्न भएर संम्झौता अनुसारको शुल्क भुक्तानी पस्चात संस्थाको डोमेनमा वेबसाइट लाइभ गराउने ।

४. वेबसाईटमा आवश्यक परिर्वतन गर्नकोलागि संस्थाको कर्मचारीलाई वेबसाईट परिमार्जनको लागि प्रथम पटकको लागि आवस्यक प्रशिक्षण निशुल्क उपलब्ध गराउने ।

५. वेबहोस्टिङ सेवाको लागि संझौता भएको मितिले १ वर्ष निशुल्क र त्यसपछि प्रति वर्ष रु. ६,००० (कर बाहेक) को दरमा बार्षिक अग्रिम भुक्तानी गर्ने गरि वेबहोस्टिङ सेवा उपलब्ध गराउने । बिदेसी मुद्रा बिनिमय दर तथा अन्य कुनै कारण ले वेबहोस्टिङ को दर प्रभावित हुनेभयमा होस्टिङ शुल्क तिरियको मिति समाप्त हुनु १५ दिन अगाबै प्रथम पक्षलाई जानकारी गराउने तथा सेवा शुल्क दर परिवर्तन नभएको अवस्थामा वेबहोस्टिङ सेवा स्वत नबिकरण गर्ने र सोही अनुसारको प्रथम पक्षलाई बिलिङ गर्ने ।

६. दोस्रो पक्षबाट वेबहोस्टिङ सेवा लियको अवधि भर आवश्यकता अनुसार ब्याकअपहरु लिने तथा आवस्यक वेबसाइट सुरक्षाको प्रवन्ध निसुल्क बेवस्था गर्ने ।

७. संस्थाबाट प्राप्त हुने रकम बराबरको प्यान बिल जारी गरी उपलब्ध गराउने ।

८. सम्झौता भएको मितिले ३ महिना सम्म निशुल्क तथा त्यस पछि आवस्यकता अनुसार संस्थाको कृयाकलाप तथा बिवरणहरु सहुलियत दरको शुल्क लिइ वेबसाइटमा परिमार्जन गर्ने ।

९. कुनै पनि सेवा सुबिधा प्रदान गर्दा सम्झौतामा भयको भन्दा थप सुल्क लाग्ने भयमा प्रथम पक्ष संग पुर्व स्विकृती लियर मात्र उत्त कार्य गर्ने गराउने ।

यो समझदारी पत्र हाल ३ वर्ष (२०८० साल कार्तिक १ गते सम्म) का लागि कायम रहने छ । आवश्यकता अनुसार समय अवधी थप गर्न सकिने छ । साथै यस समझदारी पत्रमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नगरिएका कुराहरु आपसी छलपलबाट तय गरिने छ ।

**समझदारीपत्रमा हस्ताक्षर गर्नेहरुः**

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट, | दोस्रो पक्षको तर्फबाट, |
| ______________________ | ______________________ |
| नारायणप्रसाद ज्ञवाली | ऋषि राम गौतम |
| कार्यकारी निर्देशक | प्रोपाईटर |

ईति संवत २०७७ साल असोज महिना २८ गते रोज ४ शुभम् ।